नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११९८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# विषयगत समितिको बैठक सम्बन्धी प्रेस विज्ञप्ति

आज मिति २०८० पुस २५ गते "संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७" को प्रावधान बमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको विषयगत समितिको बैठक माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूको अध्यक्षतामा सम्पन्न भयो। उक्त बैठकमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीज्यू, प्रदेश सरकारको पर्यटन क्षेत्रसँग सम्बन्धित माननीय मन्त्रीज्यूहरु, यस मन्त्रालय र प्रदेश मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरुको सहभागिता रहेको थियो।

उक्त बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीज्यू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, मन्त्रालयका सचिव, प्रदेश सचिवहरु लगायत बैठकमा सहभागीहरुबाट तीनै तहको सरकारका नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय तथा साझेदारी सुदृढ तुल्याई सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउने विषयमा गहन छलफल भई महत्त्वपूर्ण निर्णय भयो। विषयगत समितिको बैठक पश्चात मन्त्रालयले तयार गरेको पर्यटन ऐन, २०८० को मसौदामा समेत छलफल भई प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, प्रदेश सचिवहरु र प्रदेशबाट सहभागी कर्मचारीहरुबाट प्रस्तावित ऐनलाई संघीयताको मर्म अनुरुप तर्जुमा गर्ने विषयमा महत्त्वपूर्ण राय, सुझाव तथा पृष्ठपोषण प्राप्त भयो।

विषयगत समितिको बैठकमा सहभागी प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु तथा सहभागी कर्मचारीहरुलाई बैठकमा व्यक्त गर्नु भएको विचार र पर्यटन ऐनको मसौदा उपर दिनु भएको सुझाव तथा सहभागिताको लागि धन्यवाद ज्ञापन गर्दै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूले कार्यक्रम समापन गर्नु भयो।

हेमराज तामाङ
हेमराज तामाङ
सहसचिव/प्रवक्ता

विक्रम संवत्: २०८० पुस २५ बुधबार
नेपाल संवत्: ११४४ थिंल्लागा, १४ बुधबार